# धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (पाँचौ संशोधन) नियमावली, २०७९

धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरू बनाएको छ ।.

१.<u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) (पाँचौ संशोधन) नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३ मा संशोधन:</u> धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएकोछः–

"(५) यो नियमावली प्रारम्भ भएपछि पहिलो पटक धितोपत्र दलाल र धितोपत्र व्यापारीको अनुमतिपत्र जारी भएपछिको प्रत्येक तीन बर्षमा बोर्डले धितोपत्र बजारमा उपलब्ध भौतिक सुविधा, बजारको आवश्यकता, प्रतिस्पर्धाको अवस्था समेतको अध्ययन गरी धितोपत्र दलाल र धितोपत्र व्यापारीको लागि नयाँ अनुमतिपत्रको लागि निवेदन माग गर्नेछ ।"

३. <u>मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छ:</u> मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएकोछः–

"४३. <u>अनुसूचीमा हेरफेर वा थपघट:</u> बोर्डले अर्थ मन्त्रालयको स्वीकृति लिई आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।"